## अमेरिकी राजदूतावासको आयोजनामा नेपालका निजी क्षेत्रबीच बौद्धिक सम्पदा विषयमा छलफल

काठमाडौंस्थित अमेरिकी राजदूतावास र प्याटेन्ट तथा ट्रेडमार्क संरक्षणसम्बन्धी अमेरिकी कार्यालय अन्तर्गतको अन्तर्राष्ट्रिय बौद्धिक सम्पदा प्रतिष्ठानले मे १६, २००८ तारिख विहान ९:३० बजेदेखि ५:३० बजेसम्म काठमाडौंको हायात रिजेन्सी होटलमा “बौद्धिक सम्पदा सचेतना दिवस” कार्यक्रमको आयोजना गरे ।

उक्त कार्यक्रममा नेपाल सरकार, नेपालका न्यायालय, तथा कानुन, सूचनाप्रविधि, कृषि, औषधिविज्ञान, टेलिभिजन, विज्ञापन, संगीत, र चलचित्र क्षेत्रका व्यक्तित्वहरुको सहभागिता थियो । बौद्धिक सम्पदासम्बन्धी अमेरिकी अधिकारी डोमिनिक किटिङ उक्त कार्यक्रमको अध्यक्षता गर्न काठमाडौं आउनुभएको थियो । कार्यक्रमको उद्घाटन गर्दै कार्यवाहक अमेरिकी राजदूत न्यान्डी बेरीले विश्वभर विभिन्न देशमा बौद्धिक सम्पदा संरक्षणको स्पष्ट कानुन तथा सशक्त कार्यान्वयनले आर्थिक विकासलाई दिगो राख्न सहयोग पुऱ्याइरहेको स्पष्ट पार्नुभएको थियो ।

बौद्धिक सम्पदा तथा यसको आर्थिक महत्वका बारेमा चेतना अभिबृद्धिका लागि निजी क्षेत्रसँग मिलेर काम गर्ने अमेरिकी राजदूतावासको प्रयासअन्तर्गत उक्त कार्यक्रमको आयोजना गरिएको थियो । बौद्धिक सम्पदाको संरक्षणमार्फत सिर्जनशीलता र नयाँपनको प्रवर्द्धन गर्न सकिने, अरुको बौद्धिक सम्पदाको सम्मान हुने, तथा आजको विश्वव्यापी आथिक परिवेशमा आर्थिक बृद्धिका लागि बौद्धिक सम्पदा उपयोगी साधन हुने जस्ता विषयमा सचेतना बढाउने उद्देश्य यस प्रयासको रहेको छ ।

######